प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश लेखा नियन्त्रक कार्यालय

## प्रदेश नं. १

### विराटनगर, नेपाल

**मसलन्द सामान तथा छपाइ सम्बन्धी सामानहरू आपूर्ति गर्ने सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशितमिति : २०७९/०८/११)**

प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, विराटनगरको आ.व. २०७९/०८० को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार मसलन्द तथा छपाइ सम्बन्धी सामान आवश्यक भएकोले नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी तथा संस्थाबाट तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही रीत पूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सर्तहरु:

१. अद्यावधिक नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष २०७८/०७९ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु र निवेदन नगद रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) फिर्ता नहुने गरी दरभाउपत्र दस्तुर तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन मिति २०७९/०८/२५ गते भित्र र कार्यालय समयमा यस कार्यालयबाट इच्छुक सिलबन्दी दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजात खरीद गर्न सक्नेछ ।

२. खरिद गरेको फारामहरुमा उल्लेख भएका सबै विवरण भरी सिलबन्दी दरभाउपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी दरभाउपत्र सिलबन्दी खाम बाहिर फर्मको नाम ठेगाना कामको विवरण ठेक्का विवरण प्रोपाइटरको नाम र ठेगाना, मोबाइल नं. र इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको आधिकारीक छाप लगाई सिलबन्दी लाहाछाप गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिन मिति २०७९/०८/२६ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. सिलबन्दी दरभाउपत्र जमानत बापत कम्तिमा ७५ दिनको म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पत्र वा यस कार्यालयको नाममा जारी भएको बिडबण्ड वा प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, विराटनगरको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय विराटनगरमा रहेको धरौटी खाता नं. २१२०१००२०२०३०००० कार्यालय कोड नं ३०५०११३०११ मा जम्मा गरेको सक्कली बैंक भौचर दरखास्तका साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

५. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको ठिक २:०० बजे कार्यालयका प्रतिनिधिहरु तथा सिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने वा दरभाउपत्र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सोही समयलाई उक्त प्रयोजनका लागि मान्यता दिइनेछ ।

७. शर्त बमोजिमको रहेको रीत नपुगी वा म्याद नाघेको वा कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैन ।

८. दरभाउपत्रमा आइटमवाइज दर अङ्क र अक्षर दुवैमा स्पष्ट देखिने बुझिने गरी लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सिलबन्दी दरभाउपत्रदाताको सहिछाप अनिवार्य हुनु पर्नेछ ।

९. कुनै कारण जनाई दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वाआंशिक रुपमा स्वीकृतगर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. सिलबन्दी दरभाउपत्रदाताले सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझी दरेरेट भरेको मानिनेछ ।

११. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ संशोधन सहित तथा सार्वजनिक खरिद नियमावली २०६४ एघारौं संशोधन सहित र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१२. मालसामानको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसारको हुनु पर्नेछ ।

१३. यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१४. दरभाउपत्र पूर्ण रुपमा स्वीकृत आंशिक स्वीकृतगर्ने सम्पूर्ण अधिकार कार्यालयलाइ रहनेछ ।

१५. सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत भएको दरभाउपत्रदाताले दरभाउपत्रदाता स्वयंको लगानी वा खर्चमा यस कार्यालयले तोकेको स्थल सम्म ढुवानी गरी सम्पूर्ण मालसामानहरु कार्यालयको प्रतिनिधिको उपस्थिति रोहवरमा चेक जाँच तथा गन्ती गराई आवश्यक बिल भरपाई पेश भए पश्चात मात्र भुक्तानी प्रकिया अगाडी बढाइनेछ ।

तपशिल

| सि.नं. | दरभाउपत्रनं. | आपूर्ति गर्ने मालसामानको विवरण | ल.ई. रकम रु. भ्याट सहित | बैंक जमानत |
|---|---|---|---|---|
| १ | PFCO/SQ/01/079/80 | स्टेशनरी, कार्यालय सामान तथा छपाइ सम्बन्धी सामानहरु | ६,७८,३३९।० | १७,०००।- |

... प्रसाद दाहाल

लेखा अधिकृत

अधिकृतस्तर आठौं